मिति : २०७६/४/१६

<u>मानिनय ऊर्जा, जलश्रोत तथा सिंचाई मन्त्रीज्यू,</u>
<u>उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय,</u>
<u>सिंहदरबार, काठमाण्डौ ।</u>

*बिषय :निजी क्षेत्रबाट संचालन भएका रुग्ण जलबिद्युत आयोजनाहरुको जिम्मेवारी लिने सम्बन्धमा ।*

महोदय,

उपरोक्त सम्वन्धमा नेपाल सरकारको पन्ध्रौ योजनाको आधारपत्रमा *"निजी क्षेत्रले समग्र विकास प्रक्रियामा अहम् भूमिका निर्वाह गर्ने छ । नेपालको संविधानले अंगिकार गरेका नीति तथा कानूनी व्यवस्थाले निर्दिष्ठ गरे बमोजिम निजी क्षेत्रले आफ्नो भूमिका निर्वाह गर्ने छ । सरकारको विकास सम्बन्धी सोच, नीति र योजना बमोजिम लक्ष्य तथा उदेश्य हासिल गर्न* लगानी मैत्री वातावरणको अभिबृध्दि *गरी देशको आर्थिक समाजिक विकासमा सहयोग र सहकार्य गर्ने निजी क्षेत्रको भूमिका हुने छ ।"* भनी उल्लेख गरिएको छ । त्यसैगरी जलबिद्युत सम्बन्धमा "जलविधुत आर्थिक बृद्धि र आर्थिक रुपान्तरणको एक महत्वपूर्ण साधन हो" भनिएको छ ।

कुनै पनि मुलुकको आर्थिक विकास र समृद्धीका लागि उर्जाको विकास र उपयोग अपरिहार्य रहेको छ । नेपालमा उपलब्ध उर्जाका श्रोतहरु मध्ये जलविद्युत एक महत्वपुर्ण श्रोत हो । देशमा प्रजातन्त्रको पूर्नस्थापना पश्चात् बनेको सरकारले अंगिकार गरेको आर्थिक नीति अर्न्तगत बनेको "बिद्युत् ऐन २०४९" र "बिद्युत् नियमावली २०५०" अनुसार जलविद्युत विकासमा निजी क्षेत्रको सहभागिता रहँदै आएको छ ।

"समृद्ध नेपाल, शुखी नेपाली"को नारा लिएको वर्तमान समाजवाद उन्मुख सरकारलाई राष्ट्रिय पूँजींको विकास गर्नु नितान्त जरुरी रहेको छ । जसको एक महत्वपूर्ण पक्ष भनेको स्वदेशी निजी लगानीकर्ताहरु मार्फत जलविद्युत आयोजनाहरुको प्रवर्धन, विकास र उर्जा उत्पादन गर्नु हो । स्वदेशी निजी लगानी कर्ताहरुलाई संरबर्धन र संरक्षण गरेमात्र स्वदेशी पूँजी स्वदेश मै रही दह्रो राष्ट्रिय पूँजीको विकास हुनेछ ।

वि.सं. १९६८ निर्माण सम्पन्नभएको ५०० किलोवाटको फर्पिङ जलविद्युत केन्द्रबाट शुरु भएको नेपालको विद्युतको बिकासको यात्राले १०८ वर्षको अवधी पार गर्दा करिब ११४० मेगावाटमात्र उत्पादनको जडीत क्षमता भएको छ । यसरी विद्युत विकासको इतिहासलाई हेर्ने हो भने "बिद्युत ऐन २०४९" र "विद्युत नियमावली २०५०" पछि जलविद्युत निर्माणमा प्रवेश गरेको करिब २५ वर्षको अवधीमा निजी क्षेत्रका ८३ वटा आयोजनाहरुबाट ५६१ मेगावाट बराबर जडीत क्षमताका जलविद्युत

केन्दहरु निर्माण सम्पन्न भएका छन् भने सरकारी क्षेत्रबाट १०८ वर्षमा जम्मा ५०५ मेगावाटका आयोजनाहरु मात्र निर्माण सम्पन्न भएका छन् ।

Table 1: Estimated Gross Investment in IPPs Project (amount in Crore)

| S N | Particular | Total MW | No. of HPP | Cost of Project Development | | | | | Approx. annual Royalty |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | License Cost | cost upto FS/DD | cost up to PPA | Const. cost | Approx. Total Cost | |
| 1 | Projects in Operation | 561 | 83 | | | | 9,800.00 | 9,800.00 | 39.20 |
| 2 | Projects under Construction | 2356 | 107 | 223.82 | 1,295.80 | 11.78 | 47,120.00 | 48,651.40 | - |
| 3 | PPA Concluded | 1659 | 74 | 290.33 | 912.45 | 8.30 | | 1,211.07 | - |
| 4 | Connection agreement Concluded | 1401 | 59 | 245.18 | 770.55 | 770.55 | | 1,786.28 | - |
| 5 | Survey License Received | 4679 | 264 | 818.83 | | 1,286.73 | | 2,105.55 | - |
| 6 | Applied for Survey License | 309 | 28 | 9.27 | | | | 9.27 | - |
| | Total | 10964 | 615 | 1,587.42 | 2,978.80 | 2,077.35 | 47,120.00 | 63,563.57 | 39.20 |

| | | |
|---|---|---|
| Current Investment | Loan | 44,494.50 |
| | Equity | 19,069.07 |
| Investment in the next 5 years | | 171,700.00 |
| | Loan | 120,190.00 |
| | Equity | 51,510.00 |

यस अवधीमा निजी क्षेत्रबाट थप :

१. २३५६ मेगावाट बराबरका १०७ वटा आयोजनाहरुले वित्तिय व्यवस्थापन समापन पश्चात निर्माणधीन छन् ।
२. १६५९ मे.वा. बराबरका ७४ आयोजनाहरुले विद्युत खरिद बिक्री सम्झौता (PPA) सम्पन्न गरेका छन् ।
३. यसैगरी निजी क्षेत्रका १४०१ मे.वा. बरबरका ५९ वटा आयोजनाहरुको Connection Agreement सम्पन्न गरि विद्युत खरिद बिक्री सम्झौता (PPA) गर्ने चरणमा रहेका छन् ।
४. यसैगरी ४,६८९ मेगावाट क्षमताका २६४ वटा आयोजनाहरुले विद्युत उत्पादनको सर्वेक्षण अनुमती पत्र प्राप्त गरेका छन् ।
५. ३०९ मेगावाट क्षमताका २८ वटा आयोजनाहरुले विद्युत उत्पादनको सर्वेक्षण अनुमतीपत्रका लागि आवेदन गरेका छन् ।

निजि क्षेत्रबाट आयोजना अध्ययन, विकास र संचालन सम्मसा भएको लगानीको अवस्थालाई हेर्दा ( Table 1:Estimated Gross Investment in IPPs Project) करिब ६.३५ खर्ब उर्जा क्षेत्रमा लगानी गरी सकेको

बैकको ३६ अर्ब बराबरको सर्वसाधारणको सम्पत्ति जोखिममा पर्ने छ । जसको परिणाम बैक तथा वित्तीय संस्था धरासायी भएर राष्ट्रिय पूँजी र राष्ट्रिय उत्पादनमा पनि गम्भिर असर पर्ने छ ।

यो अवस्थालाई तत्काल समाधान गर्न नसकिएमा समग्र वित्तिय क्षेत्र तथा राष्ट्र नै आर्थिक मन्दीमा गुज्रने छ । यसको तत्काल निराकरणको लागि उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय र अर्थ मन्त्रालयले समाधानको बाटो पहिल्याउनु पर्ने देखिएको छ । तसर्थ सरकारले पटक पटक गरेका निर्णयहरु र बिद्युत खारिद बिक्रीमा भएका असमान प्रावधानहरुलाई हटाई वर्तमान अवस्थामा तल उल्लेखित समस्याहरुको समाधान गरि धरासायीमा परेको स्वदेशी पूँजीको जगेर्ना गर्न माननिय मन्त्रीज्यूलाई सादर अनुरोध गर्दछौ । समस्याहरुको समाधानार्थ तपसिलमा उल्लेख गरिएका मागहरु पुरा गर्नको लागि अनुरोध गर्दछौ ।

१. नेपाल सरकारको बजेट बक्तब्य २०७१/०७२ मा घोषणा भए बमोजिम निर्माण सम्पन्न भै व्यापारिक उत्पादन शुरु गरेका आयोजनाहरुलाई दिने भनिएको अनुदान वापतको रकम तत्काल भूक्तानी दिनुपर्ने ।

२. २०७१ चैत्र मसान्त भित्र सम्पन्न आयोजनाहरुलाई दिने भनिएको Posted Rate अनुसारको बिद्युत खरिद दर कायम गरि विगतको बाँकी/बक्यौता तत्काल भुक्तानी दिने र आगामी दिनहरुमा मासिक बिलमा Posted Rate अनुसारको बिद्युत खरिद दर कायम गरि भुक्तानी हुनु पर्ने ।

३. राष्ट्रिय ऊर्जा सकंट निवारण तथा बिद्युत विकास दशक सम्बन्धी अवधारण पत्र, २०७२ मा २५ देखि १०० मे.वा. सम्मका आयोजनाहरुलाई दिने भनिएको Posted Rate २५ मेवा भन्दा कम क्षमताका संचालनमा रहेका सम्पुर्ण साना जलबिद्युत आयोजनाहरुलाई पनि सो सरह Posted Rate दिनुपर्ने ।

४. राष्ट्रिय ऊर्जा संकट निवारण तथा बिद्युत विकास दशक सम्बन्धी अवधारण पत्र, २०७२ को दफा ६५ अनुसार १० मेगावाट भन्दा कम क्षमताका आयोजनाहरुको लागि Availability Declaration गर्ने System हटाई Feed-in Tariff System मा परिबर्तन गर्नुपर्ने

५. बिद्युत खरिद बिकी संभौता तथा Connection Agreement मा उल्लेख भए अनुसार नेपाल सरकार वा ने.वि.प्रा. ले निर्माण गर्ने भनिएको विद्युत् प्रशारण लाईन, जलविद्युत आयोजना संचालनमा आएको वर्षौ बितिसक्दा पनि निर्माण सम्पन्न नभएका कारणले प्रशारण सुविधाबाट बञ्चित रहेका यस्ता जलविद्युत् आयोजनाहरुको Undelivered Energy को शत प्रतिशत क्षतिपूर्ति दिनुपर्ने ।

६. बिद्युत खरिद बिकी संभौता गर्दा प्रसारण अधिकतम् ५ प्रतिशत Outage तय गरिएकोमा हाल साना जलविद्युत् आयोजनाहरुको सञ्चालनका क्रममा १७ देखि २१ प्रतिशत सम्मको प्रसारण [illegible] ५ प्रतिशत भन्दा बढी Outage ने.वि.प्रा.को प्रसारण लाइनमा भएको

Outage को कारणले भएकोलेसो समयावधीमा हुने Undelivered Energy को क्षतिपूर्ति प्रत्येक महिनाको भुक्तानीमा समायोजन गर्नुपर्ने ।

७. हाल संचालनमा रहेका आयोजनाहरुको आधार विद्युत दर तथा वित्तिय प्रक्षेपण तयार गर्दाका आधार सुचकहरु (IRR, ROE, DSCR, ISCR, Simple Payback period, Outage, Availability Declaration etc) र संचालनमा रहेका आयोजनाहरुको उत्पादन, विकी तथा प्रक्षेपणका आधारमा वास्तविक सुचकहरुको (IRR, ROE, DSCR, ISCR, Simple Payback period, Outage, Availability Declaration etc) अध्ययन गरी नयाँ आधार सुचकहरु (IRR, ROE, DSCR, ISCR, Simple Payback period, Outage, Availability Declaration etc) तयार गरी संचालनमा रहेका आयोजनाहरुको विद्युत खरिद दर निर्धारण /समायोजन गर्नुपर्ने ।

८. जल विद्युत् क्षेत्र मुलुकको प्राथमीकता प्राप्त क्षेत्र भएकोले प्राथमीकता प्राप्त क्षेत्रमा गरिने व्याजदर सरकारले तोकी एकोहोरो अंकमा कायम गर्नुपर्ने । बैकहरुले दिर्घकालिन कर्जा प्रवाह गर्ने भएकाले पनि हाल संचालनमा रहेका साना जलविद्युत आयोजनाहरुको बैकको ब्याजको दर घटाइ ५ प्रतिशतमा कायम गर्नुपर्ने ।

९) जलविद्युत् आयोजना सम्पन्न भैसके पश्चात कम्तीमा एक वर्ष सम्मको Moratorium Period कायम गरेर व्याँज पूजीकरण गरी दोश्रो वर्ष देखि मात्रै साँवा तथा व्याज भुक्तानीको तालिका तयार गर्ने । Moratorium Period को आम्दानीलाई संचालन खर्च कटाएर मर्मत संभार कोषको रुपमा संचित गर्ने । हाल संचालनमा रहेका आयोजनाहरुको हकमा पनि एक वर्ष सम्मको Moratorium Period कायम गरी पूजीकरण गर्ने र संचालन खर्च कटाएर मर्मत संभार कोषको रुपमा संचित गर्ने ।

१०. आयोजना निर्माण, संचालन तथा व्यवस्थापन गर्ने लगानीकर्ताहरुको सिमित दायित्व (Limited Liability) हुने भएकोले आयोजना निर्माण सम्पन्न भए पश्चात Personnel Guarantee स्वत: रद्द/खारेज हुनुपर्ने र ब्यक्ति विशेषलाई आघात हुने गरि बित्तिय सम्झौता लागु गर्न नपाइने व्यवस्था हुनुपर्ने ।

११. निजी क्षेत्रका आयोजनालाई IPO जारी गर्दा ५ भन्दा कम Credit Rating र Under Writing चाहिने व्यवस्था खारेज गर्नुपर्ने ।

१२. विद्युत् खरिद विक्री सम्झौतामा उल्लेखित तालीमा भन्दा वढी विद्युत् उत्पादन गरेको केहि आयोजनाहरुको विद्युत् उचित मुल्यमा खरिद गर्नुपर्ने।

१३. साना आयोजनाहरुको तुलनामा ठुला आयोजनाहरुको उत्पादन लागत कम हुने तर नेपाल सरकारबाट दिईएका सहुलियतहरु तथा विद्युत खरीद दर समेत ठुला आयोजनाहरुकै धेरै भएकाले साना तथा मझयौला आयोजनाहरुमा गरेको [illegible]

देखिन्छ । उपयुक्त वातावरण भएको खण्डमा आगामी ५ वर्षमा निजी क्षेत्रको लगानी करिव १७ खर्ब भन्दा अधिक हुने देखिन्छ ।

माथिको आँकडालाई (Table 1:Estimated Gross Investment in IPPs Project) हेर्दा जलविद्युत जस्तो पूर्वाधार निर्माण तथा संचालनमा समेत निजी क्षेत्रको भूमिका अत्याधिक बढ्दो क्रममा (aggressive mode) रहेको छ । हाल नेपालमा उत्पादित कुल उत्पादन मध्ये करिव ४५ प्रतिशत विद्युतीय उर्जा निजी क्षेत्रबाट उत्पादन भइरहेको छ । निजी क्षेत्रमा स्वदेशी तथा विदेशी प्रवर्धकहरु रहेका छन् । बिद्यमान व्यवस्था अनुरुप स्वदेशी प्रवर्धकहरुले विदेशी प्रवर्धकहरुले भन्दा राज्यबाट कम सुबिधा र सहयोग पाएका छन् । साथै, बैंकहरुको चर्को ब्याजदर, हर्जाना रकम तथा सेवा शुल्कहरुले पनि निजी क्षेत्र प्रताडित भएको छ । यसका अतिरिक्त स्थानिय बैंकहरुले कर्जा रकम सोको ब्याज तथा हर्जाना रकम असूली गर्न गरिने धरपकडले विद्युतीय उर्जाको प्रवर्धन, विकास र उत्पादनमा लागेका निजी क्षेत्र आक्रान्त भएको छ ।

Table 2: Number of IPPs Project in Operation and their conditions

| Index No. | Financial Condition of the project | MW | No of Projects |
|---|---|---|---|
| FI | Foreign Investment | 201.40 | 6 |
| A | Operating in profit | 77.79 | 11 |
| B | Poor | 134.03 | 28 |
| C | Critical | 80.91 | 18 |
| D | Ready for Bank take-over (Two Qtr Int/Principle Pending) | 66.65 | 20 |
| | total | 560.77 | 83 |

अध्ययनको समयमा अनुमान गरिएको लागत र समयावधिमा विभिन्न समस्याहरुले गर्दा आयोजनाहरुको निर्माण सम्पन्न हुन नसकेको हुँदा आयोजनाको कुल लागत बढ्न गई बिद्यमान विद्युत खरिद दरले आयोजनाको साँवा तथा ब्याज भुक्तानी हुन नसकेको अवस्था छ । निजी क्षेत्रबाट वा कम्पनीका रुपमा प्रवर्धन गरि संचालनमा रहेका नेपालका कुल ८३ जलविद्युत आयोजनाहरु मध्ये:

क) २० वटा आयोजनाहरुलाई बैंकले लिलाम गर्ने प्रक्रियामा लाने अवस्थामा छन् ।

ख) १८ वटा आयोजनाहरुलाई बैंकको हिसावले नाजुक बित्तीय अवस्थामा राखेका छन् ।

ग) २८ वटा आयोजनाहरुबैंकको हिसावले कमजोर बित्तीय अवस्था रहेका छन ।

घ) बाँकी ११वटा आयोजनाहरु मध्ये : १) विदेशी लगानीमा निर्माण भएका (विद्युत खरिद दर उच्च र डलरमा भएका), २) सरकारी कम्पनीको रुपमा निर्माण भएका (विद्युत खरिद दर उच्च भएका) र ३) केहि पुराना आयोजनाहरुले साँवा तथा ब्याज समयमै भुक्तानी गरेको देखिन्छ ।

हालसम्म संचालनमा रहेका जलविद्युत आयोजनाहरुमा भएको स्वदेशी निजी लगानीकर्ताहरुको लगानीको आँकडा हेर्ने हो भने ५२ अर्बको हाराहारीमा भएको देखिन्छ । जस मध्ये बैकलाई बुझाउनु पर्ने ऋण र स्वपुँजी क्रमश: ३६ र २६ अर्ब रहेको छ । सो ऋण बुझाउने आयोजनाहरु करिब ६६ को सङ्ख्यामा (Table 2: Index Number B, C and D)रहेका छन् र अधिकाशं आयोजनाहरु रुङ्ण आर्थिक अवस्थाबाट गुर्जिरहेका छन् ।

**विद्यमान समस्याहरु:**

१. ***बिद्युत खरिद दर:*** : तुलनात्मक रुपमा ठुला आयोजनाहरु भन्दा साना आयोजनाहरुको प्रति मे.वा.

विद्युत् विद्युत् खरिद दर भन्दा निजी क्षेत्रबाट निर्माण भएका साना जलविद्युत् आयोजनाहरुको विद्युत् खरिद दर करिब आधा मात्रै भएको ।

२. *व्याजदर:* हाल संचालनमा रहेका साना जलविद्युत् आयोजनाहरुको (१० मेगावाट भन्दा साना) बैकको बिद्यमान ब्याजको दर र बिद्युत खरिद दरले आयोजनाको उत्पादनको अवस्थाबाट साँवा तथा व्याज भुक्तानी हुन नसकेको अवस्था छ । अधिकाशं आयोजनाहरु रुङ्ण आर्थिक अवस्थाबाट (ROE =< (-35%), DSCR (based on Limited Payment)=0.66 times, Interest Service Coverage Ratio(based on 18 years of loan repayment)= 0.35 times etc.) गुज्रिरहेका छन् ।

३. ***प्रसारण Outage:*** आयोजनाहरुको सञ्चालनका क्रममा १७ प्रतिशत सम्मको अतिरिक्त प्रसारण Outage मापन गरिएकोछ ।जसका कारण आयोजनाहरुको आम्दानीमा १३ प्रतिशत ह्रास आएको छ ।

४. ***Availability Declaration (AD) and Hydrological Loss:*** सुख्खा याममा नदीको बहावमा हुने कमीको कारणले गर्दा आयोजनाबाट हुने उत्पादनलाई ५० प्रतिशतमा Declaration गर्दा आयोजनाबाट हुने आम्दानीमा करिव २८ प्रतिशतले ह्रास आएको छ। Availability Declaration (AD) गर्नु पर्ने व्यवस्था अनुसार सुख्खा याममा अनुमान गरिएको विद्युतिय उर्जा पुर्याउन नसकीएको अवस्था अनुसार आयोनाहरुबाट उत्पादित विद्युतिय उर्जाको १४ प्रतिशतसम्म हर्जाना तिरीरहेका छन ।

५. ***प्रसारण लाईन (Transmission Line)*** : बिद्युत खरिद बिकी संम्झौता तथा Connection Agreement मा उल्लेख भए अनुसार नेपाल सरकार वा ने.वि.प्रा. ले निर्माण गनुपर्ने विद्युत् प्रशारण लाईन निर्माण सम्पन्न नगरी बैकल्पीक व्यवस्था मार्फत उत्पादनको ३३ प्रतिशत भन्दा कम विद्युत ११ के.भी. प्रसारण लाईन मार्फत लामो समयसम्म बैकल्पीक व्यवस्थामा राखिदिँदा ३० देखि ६० प्रतिशत भन्दा बढी क्षमतामा आयोजना संचालन हुन नसकेको ।

६. **ढीलो उत्पादन हर्जाना (Late COD penalty):** ने.वि.प्रा. को मिति २०७१।०५।३१ को (६८८ औं बैठक) संचालक समितिको निर्णय अनुसार ने.वि.प्रा.ले निर्माण गर्ने भनिएका प्रसारण सुविधाहरु विद्युत् खरिद बिक्री सम्झौतामा उल्लेखित RCOD को समयमा नै निर्माण नभएको अवस्थामा प्रसारण सुविधाहरु निर्माण नहुँदासम्म RCOD परिवर्तन गरि हर्जाना नलाग्ने व्यवस्थ भएकोमा सो निर्णय भन्दा अगाडि नै RCOD भएका तर ने.वि.प्रा.ले निर्माण गर्ने भनिएका प्रसारण सुविधाहरु तयार नभएका केहि तत्कालीन समयमा निर्माणधीन आयोजनाहरुले ढीलो उत्पादन हर्जाना तिर्नुपरेको ।

<u>यसरी कुल प्रक्षेपित (बिद्युत खरिद बिकी संम्झौतामा उल्लेखित) उत्पादनमा ५५ % सम्म ह्रास आई सोही अनुरुप आम्दानी पनि घटेको छ ।</u>

माथि उल्लेखित बुदाहरुको सामाधान नभएमा निजी क्षेत्रबाट संचालीत जडित क्षमता करिव २८१.५९ मे.वा. रहेका ६६ आयोजनाहरु वर्षेनी भैरहेको घाटा थेग्न नसकी संचालन खर्चको अभावमा बन्द [illegible] । बैकको साँवाँ तथा ब्याज भुक्तानी गर्न सकिने छैन । यसमा लगानी भएको करिब २६ अर्ब [illegible]

ठुला आयोजनाहरुलाई दिइएको सहुलियतहरुलाई मध्यनजर गरि स्वदेशी तथा स्थानिय पूँजीबाट निर्मित आयोजनाहरुलाई अनुमति पत्रको अवधि समान गर्नुपर्ने र आगामी १५ वर्षसम्म रोयल्टी मिनाह हुनुपर्ने ।

माननीय मन्त्रीज्यू,
माथि उल्लेखीत मागहरुका बारेमा सरकारले २०७६ साल असोज मसान्तसम्ममा सुनुवाई नगरेको खण्डमा हामी तपशिलमा **अनुसुचि १** मा उल्लेखित जलविद्युत् आयोजना प्रवर्धकहरुले आयोजना संचालनका क्रममा वर्षेनी भैरहेको घाटा थेग्न नसकी, संचालन खर्च समेत ब्यहोर्न नसक्ने अवस्थामा पुगको हुँदा र अन्तत्वोगोत्वा यी आयोजनाहरु नेपाल सरकारलाई नै हक हस्तान्तरण गर्नुपर्ने भएकाले सो सम्वन्धी नेपाल सरकारबाट प्राप्त सम्पूर्ण कानुनी कागजातहरु, कम्पनी रजिष्ट्रेशनका सक्कल प्रतिहरु माननिय मन्त्रीज्यू मार्फत नेपाल सरकारलाई सम्पत्ती तथा दायित्व बुझाई आफ्नो हक हस्तान्तरण गरि आफ्नो दायित्वबाट मुक्त हुन चाहन्छौ ।

.............................
(शैलेन्द्र गुरागाई)
अध्यक्ष
स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल

.............................
(सूर्यप्रसाद अधिकारी)
संयोजक
रुग्ण जलबिद्युत आयोजना समन्वय समिति

बोधार्थ:
१.सम्माननीय प्रधानमन्त्रीज्यू, प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय, सिंहदरवार ।
२.माननीय मन्त्रीज्यू, अर्थ मन्त्रालय, सिंहदरवार, काठमाण्डौ ।
३.माननीय सभापतीज्यू, कृषी तथा जलश्रोत समिति, संसद सचिवालय सिंहदरबार ।
४.मानीनय उपाध्यक्ष, राष्ट्रिय योजना आयोग, सिंहदरवार, काठमाण्डौ ।
५.श्रीमान् अध्यक्षज्यू, विद्युत नियमन आयोग, सानोगौचरण, काठमाण्डौ ।
६.श्रीमान गभर्नरज्यू, नेपाल राष्ट्र बैंक, बालुवाटार, काठमाण्डौ ।
७.महानिर्देशकज्यू, विद्युत विकास विभाग, सानोगौचरण, काठमाण्डौ ।
८.श्रीमान् कार्यकारी निर्देशकज्यू, नेपाल विद्युत प्राधिकरण, रत्नपार्क काठमाण्डौ ।
९.श्री अध्यक्षज्यू, बैंकर्स एसोशिएसन, नेपाल ।
१०.श्री अध्यक्षज्यू उद्योग बाणिज्य महासंघ, नेपाल ।